
“सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक”

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित
# सहकारिता SAHAKARITA
द्वैमासिक

वर्ष ९ अंक ३१, ०७८ चैत्र- ०७९ बैशाख www.ncbl.coop 13 April 2022- 14 May 2022

## सहकारीको कारोबारलाई चेकरहित बनाउन राष्ट्रिय सहकारी बैंकलाई एन.सी.एच.एल.को सदस्यता प्रदान गर्न सुझाव




ललितपुर । आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट मार्फत सहकारीको कारोबार तथा भुक्तानीलाई चेकरहित बनाउन राष्ट्रिय सहकारी बैंकलाई एन.सी.एच.एल.को सदस्यता प्रदान गर्न राष्ट्रिय सहकारी महासंघले सरकारलाई सुझाव दिइएको छ ।

महासंघले १५ बुँदे सुझाव सुझाव दिँदै विदेशबाट फर्केका युवा, महिला दलित तथा कोरोना पिडितको व्यवसाय पुनरुत्थान तथा जिविकोपार्जनको लागि मन्त्रालय तथा अन्य नियकाहरुबाट प्रदान हुने सहुलियतपुर्ण कर्जा परिचालनमा महासंघको सिफारिसमा राष्ट्रिय सहकारी बैंक तथा विषयगत केन्द्रीय संघहरुलाई संलग्न गराइने र बैंक मार्फत पुनरकर्जा उपलब्ध गराउने व्यवस्था मिलाउने सुझावमा उल्लेख छ । यस्तै महासंघले दिएको सुझावमा कृषि तथा पशुपक्षीजन्य मध्यम तथा ठूला उद्योग स्थापना गर्न आवश्यक पूर्वाधार, प्रविधि र पुँजीगत सामान खरिदका लागि सार्वजनिक सहकारी साझेदारी अवधारणा अनुरूप सरकारको शेयर सहभागिता हुने व्यवस्था मिलाउन भनिएको छ ।

(बाँकी पृष्ठ २४ मा)

## राष्ट्रिय सहकारी बैंकको सल्लाहकारमा कमल चौलागाई मनोनित



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको खालि रहेको सल्लाहकारमा कमल चौलागाई मनोनित हुनुभएको छ ।

बैंक सञ्चालक समितिको चैत्र ८ गते मंगलबार बसेको बैठकले पूर्वमन्त्री समेत रहनु भएका चौलागाईलाई मनोनित गरेको हो । २०७८ वैशाख २८ गते बैंकका सल्लाहकार पशुपति चौलागाईको कोरोना संक्रमणबाट निधन भएपछि खालि भएको स्थानमा उहाँलाई मनोनयन गरेको बैंकका अध्यक्ष के.बी.उप्रेतीले बताउनु भयो । यस भन्दा अगाडी बैंकको सल्लाहकारमा केशव बडाल, दिपक प्रकाश बास्कोटा, राधा घले, मिनराज कंडेल, धर्मदत्त देवकोटा, प्रा.डा. विश्वम्भर प्याकुरेल, र भागवत श्रेष्ठ रहनु भएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**

के.बी. उप्रेती

लक्ष्मी प्रसाद उप्रेती

बद्री कुमार गुरागाई

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**

माधवलाल देवकोटा

**सदस्यहरु**

राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**

नविन कुमार कार्की

**प्रधान सम्पादक**

राम बहादुर जि.सी.

**सहयोगी**

बलराम के.सी

**ठेगाना**

राष्ट्रिय सहकारी बैंक लिमिटेड

कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर

फोन नं : ०१-५१८०१८२

फ्याक्स: +९७७-०१-५५५५६८७

E-mail: publication@ncbl.coop

ncbl@ncbl.coop

Website: www.ncbl.coop

## सम्पादकीय

## आ.व २०७९/०८० को नीति कार्यक्रम तथा बजेटमा सहकारी

आगामी आर्थिक बर्ष ०७९/०८० को नीति कार्यक्रम र बजेट निर्माणका लागि सहकारी क्षेत्रका सरोकारवाला तथा अभियान्तासँग सुझाव संकलन गरेर बजेटमा सम्बोधनको प्रयास गरेको छ ।

सहकारी क्षेत्रलाई राम्रो गर्ने बिषयमा धेरैका सुझावलाई बजेट मार्फत सम्बोधन भएन भने सहकारी क्षेत्रसँग बाझिएको ऐनहरु संशोधन गरी राष्ट्रिय सहकारी बैंकबाट पुनरकर्जा दिने व्यवस्था मिलाउनुपर्ने, सबै प्रदेशमा शीत भण्डारण गृह निर्माण गरी सहकारीबाट संचालन गर्ने व्यवस्था मिलाउनुपर्ने, धुलो दुध कारखानाको संचालन सहकारीबाटै गर्ने गरी सरकारको नीति तथा कार्यक्रममा समावेश गर्नु सरकारको पनि दायित्व पनि हो ।

त्यस्तै सहकारीलाई घर-घरसम्म लैजान प्रोत्साहन गर्नुपर्ने, कर्जा असुली न्यायाधिकरणलाई प्रभावकारी बनाउनुपर्ने, सहकारीमा हुने बदमासीलाई नियमन गर्न कडा व्यवस्था गरिनुपर्ने, सहकारी विकासका लागि अनुसन्धानका कामहरु हुनुपर्ने छ । सहकारीले आपसमा साझेदारी गरी खोल्ने शीतभण्डार निर्माण गर्दा सरकारले विशेष अनुदान प्रदान गरी सहकारीहरूबाट उत्पादित वस्तुले बजार प्राप्त नगरेको अवस्थामा समेत सरकारले खरिद गरी जैविक ऊर्जा विद्युत् उत्पादनमा प्रयोग गर्न सक्नेछन् । संविधानले व्यवस्था गरेको तीन खम्बे अर्थनीति अनुरुप सहकारी क्षेत्रलाई आर्थिक समृद्धि, जनताको जीवनस्तर वृद्धि, कृषिको व्यवसायीकरण र रोजगारी अभिवृद्धिको माध्यमका रूपमा अगाडि बढाउने र प्रत्येक गाउँ/नगरपालिकामा कृषि, पशुपंछी पालन, फोहरमैला व्यवस्थापन, जैविक उर्जा, घरेलु, लघु र मझौला उद्योगहरू, शीतभण्डारहरू सञ्चालनका माध्यमबाट ठूलो मात्रामा रोजगारी एवम् स्वरोजगारी सिर्जना गर्ने, सहकारीलाई पनि बैंक तथा वित्तीय संस्थाहरु प्रविधिमा प्रतिपर्धात्मक तवरले अगाडी बढिरहेको बेला सहकारी संस्थाहरुले पनि प्रविधिको प्रयोगतर्फ अगाडी बढाउन डेविट कार्ड, क्रेडिट कार्ड, मोबाइल बैंकिङ, एसएमएस बैंकिङ जस्ता प्रविधिले सम्पूर्ण डिजिटलाइजेशनको काम गर्ने जस्ता कार्यक्रम बजेटमा समावेश गर्नुपर्दछ ।

# बर्दघाटमा लेखा ब्यवस्थापन तालिम सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बर्दघाट शाखाको आयोजनामा चैत्र ६ गते देखि संचालित ४ दिने लेखा ब्यवस्थापन तालिम ९ गते सम्पन्न भएको छ । बैंकको बर्दघाट शाखामा कारोबार गर्ने सहकारी संघ/संस्थाहरुमा कार्यरत संञ्चालक तथा कर्मचारीहरुको लागि आयोजना गरेको तालिममा ३५ जना सहभागि भएका थिए । तालिम समापन कार्यक्रममा बोल्दै बर्दघाट नगरपालिकाका उप-प्रमुख माया पौडेलले सहकारीलाई शुरु देखि नै व्यवस्थित, पारदर्शी र सबैको विश्वासनीय बनाउनका लागि लेखा प्रणालीलाई व्यवस्थित गराउनु पर्नेमा जोड दिनुभयो । उहाँले बर्दघाट नगरपालिकाले पनि सहकारी शिक्षा र त्यसमा आवद्ध संचालक तथा कर्मचारीहरुलाई क्षमता बिकासको लागि विभिन्न काम गरेको उल्लेख गर्दै राष्ट्रिय सहकारी बैंकसंग सहकार्य गरेर तालिम तथा शिक्षाको क्षेत्रमा काम गर्न सकिने बताउनु भयो ।

जिल्ला सहकारी संघ लिमिटेड नवलपरासीका अध्यक्ष एवम् बर्दघाटको शाखा समन्वय उप-समितिका संयोजक बिष्णु पौडेले सानो-सानो पूँजि संकलन गरेर बनाइने सहकारीलाई व्यवस्थित गराएर सहकारी मार्फत आर्थिक तथा सामाजिक अवस्थमा सुधार ल्याउनका लागि वित्तीय अनुशासन अति महत्वपूर्ण हुने भन्दै उहाँले लेखा सम्बन्धी ज्ञानलाई व्यवहारमा कार्यान्वयन गर्न तालिमका सहभागिहरुलाई आग्रह गर्नु भयो ।

तालिममा लेखाको परिचय, सहकारीमा लेखाको महत्व, लेखाका विशेषता, आवश्यकता सहित सहकारीमा लेखा राख्ने तरिका लगायतका विषयमा प्रशिक्षक रबिन्द्र घिमिरेले सहजीकरण गर्नु भएको थियो ।

तालिम समापन कार्यक्रममा शाखा समन्वय उप-समितिका सदस्यहरु पशुपति न्यौपाने, डिल्लीराज पाण्डे, दीर्घजिवि पोखरेल, बिष्णु बहादुर बस्नेत, देवी पौडेल लगायतको उपस्थिति रहेको बैंकको बर्दघाट शाखाका प्रमुख सबिना पोखरेलले जानकारी दिनु भयो ।

## हार्दिक बधाई



यस राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत **बद्रीकुमार गुरागाईंज्यू** नेपाल सरकारबाट गरिमामय पदक **प्रबल जनसेवा श्री (चतुर्थ श्रेणी)** बाट विभुषित हुनु भएकोमा बैंक परिवारको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दै उहाँको उज्वल भविष्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर

# सहकारी स्तरीकरण कार्यक्रम

*"सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवं स्तरोन्नतिका लागि"*



***सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत "सहकारी संस्थाको प्रकृतिअनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋणबाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको छ । सूचकाङ्कहरूको आधारमा संस्थाको स्तर मापन गरिन्छ । सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नति एवं दीगो विकासका लागि आवश्यक प्राविधिक सहयोग गरिन्छ" ।***

**नव कुमार अधिकारी**

नेपालमा सहकारी विकासको संस्थागत सुरुवात वि.सं. २०१० सालमा सहकारी विभागको स्थापनासँगै भए तापनि विकासले खासै गति लिन सकिरहेको थिएन । वि.सं. २०४८ सालको सहकारी ऐन लागु भएपश्चात् नेपालको सहकारी क्षेत्रमा आमूल परिवर्तन आएको हो । तत्पश्चात् सहकारी क्षेत्रमा संख्यात्मक वृद्धिदर उच्च भए पनि अपेक्षित गुणात्मक विकास भने हुन सकिरहेको छैन ।

सहकारी संघसंस्थाहरूमा छरिएर रहेको पुँजी, सीप र साधनलाई व्यवस्थापन एवं एकीकृत रूपमा परिचालन गरी उत्पादनशील क्षेत्रमा लगानी गर्ने उद्देश्यले वि.सं. २०६० असार २५ गते तत्कालीन सहकारी ऐन, २०४८ को दफा २६ अनुसार विधिवत् रूपमा सहकारी विभागमा राष्ट्रिय सहकारी बैंक लिमिटेड दर्ता गरियो । बैंकले वि.सं. २०६१ साउन १९ गतेदेखि बैङ्किङ कारोबार सञ्चालन गर्दै आएको छ । बैंकले आफ्नो व्यवसायलाई थप प्रभावकारी एवं विश्वसनीय बनाउन २०६७ साउन १० गतेदेखि नेपाल राष्ट्र बैंकबाट सीमित बैङ्किङ कारोबार गर्न स्वीकृति लिई राष्ट्रबैंकको नियमित सघन अनुगमनमा रहेको छ । राज्यले देशको तीनखम्बे अर्थनीतिभित्रको एक महत्त्वपूर्ण खम्बाको रूपमा सहकारी क्षेत्रलाई संविधानमा नै समावेश गरिसकेको विद्यमान अवस्थामा नेपालको सहकारी क्षेत्रको सङ्ख्यात्मक वृद्धि उच्च भए पनि तुलनात्मक रूपमा गुणात्मक विकास नभएको कुराले बारम्बार चर्चा पाइरहेको छ । गुणात्मक सुधारका लागि सहकारी संघसंस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि अनिवार्य सर्त हो । सहकारी क्षेत्रको एक मात्र बैंक राष्ट्रिय सहकारी बैंकले सहकारी संघसस्थाहरूको उच्च छवि निर्माणमा विगतदेखि नै विविध कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । यसै सम्बन्धमा राष्ट्रिय सहकारी बैंकले सदस्य संस्थाहरूको स्तर पहिचान, स्तर मापन एवं स्तरोन्नतिका लागि **सहकारी स्तरीकरण कार्यक्रम** विकास गरी सञ्चालनमा ल्याएको छ ।

## सहकारी स्तरीकरण कार्यक्रमको उद्देश्य :

अन्य क्षेत्रमा भन्दा वित्तीय बजारमा गुणस्तरले निकै ठूलो महत्त्व राख्दछ । रुपैयाँ पैसाको कारोबारमा पहिलो सर्त सुरक्षा अनि मात्र मुनाफाको सिद्धान्तलाई अवलम्बन गरिन्छ । जसका लागि सहकारी संस्थाहरूले संस्थाको वृद्धिदर सँगसँगै उच्च गुणस्तरसमेत कायम गर्न सक्नुपर्दछ । राष्ट्रिय सहकारी बैंकले यस कार्यक्रममार्फत आवश्यक प्राविधिक सहयोग गरी सहकारी संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धिका साथै उच्च छवि निर्माण गर्ने उद्देश्य लिएको छ । यस कार्यक्रमका निम्नानुसारका मुख्य उद्देश्यहरू रहेका छन् ।

१. सहकारी संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउने ।
२. सहकारी संस्थाहरूमा गुणस्तरीय सुनिश्चितता कायम गर्ने ।
३. सहकारी संस्था एवं अभियानको उच्च छवि निर्माण गर्ने ।

उद्देश्यहरू प्राप्तिका लागि सहकारी संस्था सञ्चालनमा कुशल अभ्यास कायम हुनु अनिवार्य छ । जसका लागि सहकारी संस्थाहरू आवश्यक नीति तथा कार्यविधिहरू निर्माण गरी नवीनतम प्रविधिहरूको प्रयोग गरी निर्दिष्ट योजना निर्माण गरी सोही मुताविक सञ्चालन हुनुपर्दछ । यस कार्यक्रमअन्तर्गत बैंकले सहकारी संस्थाको स्तरोन्नतिका लागि आवश्यक तालिममार्फत संस्थाहरूमा नीति तथा कार्यविधिहरू निर्माण, योजना निर्माण, नेतृत्व एवं व्यवस्थापनको दक्षता अभिवृद्धिका लागि तालिमलगायत प्राविधिक सहयोगको व्यवस्था मिलाउँछ ।




परिवर्तित समयमा सहकारी संस्थाहरूको स्तरोन्नति अनिवार्य सर्त हो । स्तरोन्नतिका लागि स्तर पहिचान एवं अभिवृद्धि आवश्यक हुने भएका कारण स्तरीकरण कार्यक्रम सहकारी संस्थाको जीवनचक्रमा निरन्तर चलिरहने प्रक्रिया हो । सहकारी संस्थाहरूको स्तर एवं आवश्यकताका आधारमा बैंकले हाललाई चार चरणका कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ ।

## (क) आधारभूत स्तरीकरण कार्यक्रम

स्तरीकरण कार्यक्रमअन्तर्गत संस्थाहरू सुरुको चरणमा यस तहको कार्यक्रममा आबद्ध हुनेछन् । यस कार्यक्रममा संस्थाहरूको स्तर मापन एवं स्तरोन्नतिका लागि बैंकले सूचकाङ्कहरू विकास गरेको छ । संस्थाको प्रकृतिअनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋणबाहेकका सहकारीका लागि बैंकले छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरेको छ । यस कार्यक्रमलाई थप व्यवस्थित बनाउन बैंकले छुट्टै सफ्टवेयर विकास गरेको छ । बैंकको वेबसाइटमा गएर सहकारी स्तरीकरण कार्यक्रमभित्र छिरेपछि मागिएका आवश्यक विवरणहरू भरेर सोही विवरणका आधारमा संस्थाको स्तर मापन गरी स्तरोन्नतिका आगि आवश्यक सुझावहरू प्राप्त हुन्छन् । यसरी क्षेत्रगत आधारमा वित्तीय र गैर वित्तीय क्षेत्रअन्तर्गत सूचकाङ्कका आधारमा प्राप्त सुझावलाई आधार मानेर संस्थाले आवश्यक सुधार गरी संस्थाको स्तरोन्नति गर्दै अगाडि बढ्नेछन् । प्रविधिको पहुँचभन्दा बाहिरका संस्थाहरूले बैंकको केन्द्रीय कार्यालय वा पायक पर्ने शाखा कार्यालयमा सम्पर्क गरी बैंकले विकास गरेको आधारभूत स्तरीकरण कार्यक्रमको आबद्धता फाराम भरी कार्यक्रममा सहभागी हुन सक्नेछन् ।

सदस्य संस्थाहरूको आवश्यकता र मागको संबोधनस्वरूप बैंकले यस कार्यक्रमलाई निःशुल्क सञ्चालन गरेको छ । यस तहको कार्यक्रममा निम्नानुसारका सूचकाङ्क र अङ्कभारहरू रहेका छन् ।

| क्र.सं. | सहकारी संस्थाको प्रकृति | वित्तीय क्षेत्र | | गैरवित्तीय क्षेत्र | |
|---|---|---|---|---|---|
| | | सूचाङ्क | अङ्कभार | सूचाङ्क | अङ्कभार |
| १ | बचत तथा ऋण सहकारी संस्था | १५ | ६० | ३० | ४० |
| २ | बचत तथा ऋणबाहेकका सहकारी संस्था | ११ | ४० | ३० | ६० |

कुल प्राप्ताङ्कको आधारमा यस तहको स्तरीकरण कार्यक्रममा संस्थालाई निम्नानुसार चार भागमा वर्गीकरण गरिएको छ ।

| क्र.सं. | प्राप्ताङ्क | स्तर |
|---|---|---|
| १ | ९० भन्दा बढी | NCBL Standard A |
| २ | ८१ देखि ९० सम्म | NCBL Standard B |
| ३ | ७१ देखि ८० सम्म | NCBL Standard C |
| ४ | **६० देखि ७० सम्म** | NCBL Standard D |

**(ख) CARE ( Cooperatives will be Able to Run Efficiently)**

सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवं स्तरोन्नतिका लागि बैंकले CARE कार्यक्रम सञ्चालनमा ल्याएको छ । सहकारी संस्थाको प्रकृतिअनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋणबाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको छ । सूचकाङ्कहरूको आधारमा संस्थाको स्तर मापन गरिन्छ । सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नतिमा आवश्यक प्राविधिक सहयोग गरिन्छ । कार्यक्रममा आबद्ध संस्थाहरूको स्तरोन्नतिका लागि बैंकले स्थलगत एवं गैरस्थलगत अनुगमनलगायत आवश्यक प्राविधिक सहयोग गर्नेछ । सिकाइलाई




वास्तविक एवं यथार्थपरक बनाउन कार्यक्रममा आबद्ध संस्थाहरूबीच सिकाइ अनुभव साटासाटका लागि एउटै क्षेत्रका ८/१० वटा संस्थाहरूको समूह निर्माण गरी समूहमा आबद्ध संस्थाहरूका बीचमा समीक्षा गोष्ठि सञ्चालन गरिन्छ ।

यस कार्यक्रममा बैंकले बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरूका लागि र बचत तथा ऋणबाहेकको मुख्य कारोबार गर्ने संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरेको छ । बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरूका लागि वित्तीय क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर सूचकाङ्कहरू विकास गरिएको छ । जसअन्तर्गत पर्ल्स (PEARLS) अनुगमन प्रणालीअन्तर्गतका सूचकाङ्कहरू रहेका छन् । बचत तथा ऋणबाहेकको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूका लागि वित्तीय पक्षको अलवा गैरवित्तीय पक्षलाई उच्च प्राथमिकतामा राखेर सूचकाङ्कहरू विकास गरिएको छ । सूचकाङ्कहरूका आधारमा मापन गरिएको संस्थाको स्तरका आधारमा संस्थाको स्तरोन्नतिका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइन्छ । संस्थाको आवश्यकता र क्षमतामा आधारित नीति तथा कार्यविधिहरू निर्माणका साथै योजना निर्माणमा समेत बैंकले प्राविधिक सहयोग उपलब्ध गराउँछ । कार्यक्रमअन्तर्गत दिइएका सुझावहरूका आधारमा संस्थाले गुणस्तरीय सुनिश्चितता कायम गर्दै अगाडि बढ्नेछ । CARE कार्यक्रममा आबद्ध संस्थाहरूको स्तर मापनका लागि अङ्कभार र सूचकाङ्कहरू निम्नानुसार छन ।

| क्र.सं. | सहकारी संस्थाको प्रकृति | प्राप्ताङ्क | | गैरवित्तीय क्षेत्र | |
|---|---|---|---|---|---|
| | | सूचाङ्क | अङ्कभार | सूचाङ्क | अङ्कभार |
| १ | बचत तथा ऋण सहकारी संस्था | १७ | ६० | ४० | ४० |
| २ | बचत तथा ऋणबाहेकका सहकारी संस्था | १२ | ४० | ४० | ६० |

परीक्षणका क्रममा संस्थाहरूको कुल प्राप्ताङ्कको आधारमा CARE कार्यक्रममा संस्थालाई निम्नानुसार चार भागमा वर्गीकरण गरिएको छ ।

| क्र.सं. | प्राप्ताङ्क | स्तर |
|---|---|---|
| १ | ९० भन्दा बढी | NCBL CARE A |
| २ | ८१ देखि ९० सम्म | NCBL CARE B |
| ३ | ७१ देखि ८० सम्म | NCBL CARE C |
| ४ | **६० देखि ७० सम्म** | NCBL CARE D |

**(ग) SMART: Satisfied Members who are Able and Responsible for Timeless sustainable growth ( सञ्चालनको तयारीमा)**

सहकारी संस्थाहरूको स्तर पहिचान, स्तर मापन एवं स्तरोन्नतिका लागि बैंकले SMART कार्यक्रम विकास गरेको छ । आवश्यक सूचकाङ्क र निर्देशिका समेत विकास गरिसकिएको यस कार्यक्रम बैंकले तत्काल सञ्चालनमा ल्याउँदै छ । CARE कार्यक्रममा उत्तीर्ण संस्थाहरू यस कार्यक्रममा आबद्धताका लागि योग्य हुनेछन् । यस कार्यक्रममा बैंकले बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरूका लागि र बचत तथा ऋणबाहेकको मुख्य कारोबार गर्ने संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरेको छ । बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरूका लागि वित्तीय क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर सूचकाङ्कहरू विकास गरिएको छ । जसअन्तर्गत पर्ल्स (PEARLS) अनुगमन प्रणाली अन्तर्गतका सूचकाङ्कहरूमा अन्य समसामयिक मुख्यमुख्य सूचकाङ्कहरू थप गरिएको छ । बचत तथा ऋणबाहेकको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूका लागि गैरवित्तीय पक्षलाई उच्च प्राथमिकतामा राखेर सूचकाङ्कहरू विकास गरिएको छ । सूचकाङ्कहरूका आधारमा मापन गरिएको संस्थाको स्तरलाई आधार मानी संस्थाको स्तरोन्नतिका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइन्छ । कार्यक्रमअन्तर्गत संस्थाको आन्तरिक व्यवस्थापनलाई प्रभावकारी बनाउन नीति तथा कार्यविधिहरू निर्माण/अद्यावधिक, योजना निर्माण एवं समीक्षा, प्रविधिहरूको प्रभावकारी उपयोग, नेतृत्व र व्यवस्थापनको समयसापेक्ष दक्षता अभिवृद्धि, सदस्य सन्तुष्टि एवं कार्यालय व्यवस्थापनलगायतका क्षेत्रमा आवश्यक

प्राविधिक सहयोग उपलब्ध गराइन्छ । संस्थाहरूको वित्तीय स्तर मापनका लागि PEARLS+ र गैरवित्तीय स्तर मापनका लागि गैरवित्तीय सूचकाङ्कहरूलाई आधार मानिएको छ । बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको स्तर मापनका लागि वित्तय क्षेत्रलाई प्राथमिकतामा राखेर सूचकाङ्कहरू विकास गरिएको छ भने बचत तथा ऋण बाहेकको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूका गैरवित्तीय क्षेत्रलाई प्राथमिकतामा राखेर सूचकाङ्कहरू विकास गरिएको छ । SMART कार्यक्रममा आबद्ध संस्थाहरूको स्तर मापनका लागि अङ्कभार र सूचकाङ्कहरू निम्नानुसारका छन ।

| क्र.सं. | सहकारी संस्थाको प्रकृति | वित्तीय क्षेत्र | | गैरवित्तीय क्षेत्र | |
|---|---|---|---|---|---|
| | | **सूचाङ्क** | **अङ्कभार** | **सूचाङ्क** | **अङ्कभार** |
| १ | बचत तथा ऋण सहकारी संस्था | १७ | ६० | ४० | ४० |
| २ | बचत तथा ऋणबाहेकका सहकारी संस्था | १२ | ४० | ४० | ६० |

परीक्षणका क्रममा संस्थाहरूको कुल प्राप्ताङ्कको आधारमा SMART कार्यक्रममा संस्थालाई निम्नानुसार चार भागमा वर्गीकरण गरिएको छ–

| क्र.सं. | प्राप्ताङ्क | स्तर |
|---|---|---|
| १ | ९० भन्दा बढी | NCBL SMART A |
| २ | ८१ देखि ९० सम्म | NCBL SMART B |
| ३ | ७१ देखि ८० सम्म | NCBL SMART C |
| ४ | **६० देखि ७० सम्म** | NCBL SMART D |

सहकारी संस्थाहरूको स्तरोन्नतिको यात्रा अनवरत रूपमा अगाडि बढिरहन्छ । सोही मर्मअनुसार बैंकले सञ्चालनमा रहेका कार्यक्रमहरू समयसापेक्ष अद्यावधिक गर्दै अगाडि बढ्ने स्पष्ट योजना निर्माण गरेको छ । संस्थाहरूको स्तरोन्नतिको यात्रालाई अन्तर्राष्ट्रिय तहसम्म पुऱ्याउनका लागि अन्तर्राष्ट्रि स्तरको कार्यक्रम सञ्चालनका लागि बैंकले अन्तर्राष्ट्रिय स्तरको आधिकारीक निकायसँग समन्वय गरिरहेको छ । आवश्यक तयारी पूरा गरी कार्यक्रम सञ्चालन गर्न बैंक तयार रहेको छ ।

### कार्यक्रमका फाइदा

कुनै पनि सहकारी संस्थामा आबद्ध हुनुपूर्व आबद्ध हुन लागेको व्यक्तिले आफू कस्तो संस्थामा आबद्ध हुँदै छु भनेर थाहा पाउनुपर्दछ । पछिल्लो समय यो सन्दर्भ निकै महत्त्वको हुँदै आएको छ । आबद्ध भइसकेपछि पनि सदस्यले आफू आबद्ध भएको संस्था कुन उद्देश्यका साथ कता जाँदै छ र अहिले कहाँ पुग्यो भन्ने कुरामा सचेत हुनुपर्दछ । जसको एउटै मात्र आधार हो उक्त संस्थाको प्रमाणित स्तर । यी र यस्ता सन्दर्भमा सृजित प्रसङ्गहरूको समाधानका लागि बैंकले सहकारी स्तरीकरण कार्यक्रम विकास गरी सञ्चालनमा ल्याएको हो । संस्थाहरू आवश्यकता र क्षमताका आधारमा कुनै पनि प्रकारको स्तरीकरण कार्यक्रममा आबद्ध भई स्तर मापन गरी स्तरोन्नतिका लागि योजनाका साथ अगाडि बढ्न सक्नेछन् । स्तरीकरण कार्यक्रमबाट सहकारी संस्थालाई प्रत्यक्ष फाइदा पुग्दछ । कार्यक्रममा आबद्ध संस्थालाई हुने केही मुख्य फाइदाहरू निम्नानुसार छन्–

- संस्थाका सबल पक्ष एवं सुधार गर्नुपर्ने पक्षहरूको जानकारी प्राप्त हुने,
- संस्था सञ्चालनका लागि आवश्यक नीति, कार्यविधिहरू निर्माण हुने,
- संस्थाका सदस्यहरूलाई गुणस्तरीय सेवा प्रदानमा टेवा पुग्ने,

- सस्थामा उच्च गुणस्तर कायम हुने,
- समुदायमा संस्थाको उच्च छवि निर्माण हुने,
- कार्यक्रमबाट प्राप्त सुझावको आधारमा संस्थामा क्रमिक गुणात्मक सुधार हुने,
- संस्था सञ्चालनका आवश्यक योजना निर्माणमा प्राविधिक सहयोग प्राप्त हुने,
- संस्थाका सम्भावित जोखिमहरूको पहिचान गरी त्यसको न्यूनीकरण गर्न सहयोग प्राप्त हुने,
- संस्थाको लागि आवश्यक तालिमको पहिचान एवं व्यवस्था हुने,
- संस्था र संस्थाका सेयर सदस्यहरूको बीचमा सामीप्यता बढ्ने,
- संस्थाले नवीनतम प्रविधिहरू भित्र्याउने अवसर पाउने,
- समीक्षा कार्यक्रममार्फत सहकारी संस्थाहरूका बीच सामीप्यता विकास हुने,
- राज्यले सहकारी क्षेत्रलाई उच्च प्राथमिकताका साथ तीनखम्बे अर्थनीतिमा समावेश गरेको विषयले सार्थकता पाउने ।

माथि हामीले कार्यक्रममा आबद्ध संस्थालाई हुने केही मुख्य फाइदाका कुरा मात्र गर्‍यौं । तर स्तरीकरण कार्यक्रमकले प्रत्यक्ष फाइदा केवल संस्थालाई मात्र पुर्‍याउने होइन । संस्था यस कार्यक्रममा आबद्ध भएसँगै यसको प्रत्यक्ष फाइदा संस्थाका सेयर सदस्यहरूलाई पनि पर्दछ । यसका अलवा सरोकारवाला निकाय, सरंक्षकको भूमिकामा रहेका अभिभावक संघ, सहकारी अभियान, समुदाय हुँदै सिङ्गो राष्ट्रलाई प्रत्यक्ष सकारात्मक प्रभाव पर्नेछ । परिणामतः सहकारी क्षेत्रलाई राज्यले उच्च प्राथमिकताका साथ तीनखम्बे अर्थनीतिमा समावेश गरेको सन्दर्भले समेत सार्थकता पाउनेछ ।

# कावासोतिमा सहकारी बैंकको पर्ल्स अनुगमन तालिम सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कावासोती शाखाले सदस्य संस्थाहरुको वित्तीय सेवालाई प्रभावकारी बनाउने उद्देश्यले आयोजना गरेको दुई दिने पर्ल्स अनुगमन चैत्र ११ गते सम्पन्न भएको छ ।

सहकारी संघ/संस्थाहरुको वित्तीय गुणस्तर मापन गर्ने आधारनै पर्ल्स विश्लेषण भएको बताउनु भएको छ । सहकारी संस्थाको अनुपात मिलाउने र सेवा सुविधालाई सेवाग्राही माझ प्रविधिमैत्री बनाउन पर्ल्स सम्बन्धीको तालिमले सहयोग पुग्ने बताउनु भयो ।

सहकारीका संचालक तथा कर्मचारीलाई सहकारीको प्रभावकारी वित्तीय संरचना, सम्पतिको गुणस्तर प्रतिफलदर, तरलता र वृद्धिदरमा ध्यान दिदै संघ/संस्थाको बचत संकलन, शेयर पुँजी बृद्धि, भाका नाघेको ऋण र संस्थागत पँजी लगायत सुचकको अनुपात व्यवस्थापनमा ध्यान दिन पनि तालिमका सहभागिहरुलाई आग्रह गर्नु भयो । तालिमको सहजकर्ताले सुशासनयुक्त र प्रभावकारी सहकारी सञ्चालनका लागि पर्ल्स तालिम आवश्यक रहेको बताउनु भयो । तालिम समापन कार्यक्रम बैंकका सञ्चालक राम बहादुर जिसीको अध्यक्षता र शाखा प्रमुख रुक्मत श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको थियो ।

तालिममा विभिन्न विषयका ३५ वटा सहकारी संघ संस्थाका व्यवस्थापक, लेखापाल तथा पदाधिकारीहरु सहित ३५ जनाको सहभागिता रहेको थियो ।

### संस्था परिचय

## जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि.

### तिलोत्तमा न.पा. १५ कोटिहवा, रुपन्देही

### पृष्ठभूमि

रुपन्देही जिल्ला, साविक टिकुलीगढ गा.वि.स. वार्ड नं. ८ सुपौलीमा २०५९ साल आश्विन २६ गते शनिबार यस क्षेत्रको ५ जना चेतनशील युवाहरुको सक्रियता र टिकुलीगढ गाउँ विकास कार्यक्रमको सहयोगमा यस क्षेत्रमै नमूना सहकारी संस्था संचालन गर्ने परिकल्पना बोकेर २०५९ कार्तिक १५ गते शुक्रबारको दिन ३१ जनाबाट एक/एक सय रुपैया उठाएर सुरुवात गरिएको बाग्लुङ सामुदायिक संस्थाबाट शुरुवात भएको सहकारी संस्था हो। हाल सम्म रुपन्देहि जिल्लाका विभिन्न ७ वटा सहकारीहरु एकिकरण भई कोटिहवामा केन्द्रिय कार्यालय र भैरहवा, मंगलापुर, अमुवा, ठुटिपिपल, लुम्बिनी, मानपकडी बकुलीबजार, रुद्रपुर, अमुवा, मणिग्राम, बुटवल, तामनगर, मूर्गियामा गरी १२ वटा ठाउँमा सेवा केन्द्र रहेको छ।

### हामी कहाँ छौं ?

- कुल वासलात– २९४ करोड
- बचत संकलन– २२९ करोड
- जगेडा कोष– १९ करोड
- शेयर सदस्य संख्या– ३६३६२ जना
- कर्मचारी संख्या– ७२ जना

### सम्मानित–

- राष्ट्रिय सहकारी बैंकबाट उत्कृष्ट प्रादेशिक सहकारीको रुपमा सम्मानित
- राष्ट्रिय सहकारी महासंघबाट उत्कृष्ठ सहकारी व्यवसाय पुरस्कार २०७७ बाट सम्मानित
- अकुबाट एक्सेस कार्यक्रमको सिल्भर ब्राण्ड प्राप्त सहकारी
- अधिक्तम कर तिर्ने संघ संस्था २०७४ को रुपमा सम्मानित
- नेपाल सरकारबाट उत्कृष्ठ सहकारी २०७४ बाट सम्मानित
- उत्कृष्ठ संस्थापक अध्यक्ष पुरस्कार २०७६ बाट सम्मानित
- साकोसहरुको उत्कृष्ठ व्यवस्थापक २०७२ बाट सम्मानित
- नेफ्स्कूनबाट पश्चिमाञ्चल क्षेत्र सर्बोत्कृष्ठ साकोस २०७१ बाट सम्मानित
- राष्ट्रिय रुपमा प्रोवेसन सफल ब्राण्ड प्राप्त साकोस
- राष्ट्रिय सहकारी महासंघबाट उत्कृष्ठ सहकारी व्यवसाय पुरस्कारबाट सम्मानित
- डिभिजन सहकारी कार्यालय रुपन्देहीबाट उत्कृष्ठ सहकारी २०७१ बाट सम्मानित
- नेफ्स्कूनबाट सर्बोत्कृष्ठ साकोस २०७८ बाट सम्मानित

### हाम्रो सदस्य सेवा कार्यक्रमहरू

- जेष्ठ शेयर सदस्य सम्मान कार्यक्रम।
- जेष्ठ शेयर सदस्य तीर्थ यात्रा कार्यक्रम।
- गरिब तथा जेहन्दार छात्रवृत्ती वितरण।

- बाख्रापालकहरुलाई निर्ब्याज ऋण सहयोग कार्यक्रम ।
- एक कलको भरमा बचत धितो ऋण सेवा ।
- नयाँ बुहारी स्वागत कार्यक्रम ।
- सुत्केरी भेटघाट कार्यक्रम ।
- मानो राहत सुविधा ।
- प्राणघातक रोग राहत सुविधा ।
- प्राकृतिक प्रकोप राहत सुविधा ।
- सदस्य दुर्घटना बीमा कार्यक्रम ।
- सदस्य जीवन बीमा कार्यक्रम ।

**सामाजिक क्रियाकलापहरू**

- नियमित रक्तदान कार्यक्रम– ११५ पोइन्ट वार्षिक
- विद्यालय विकास अक्षयकोष निर्माण– वार्षिक ३ वटा विद्यालय
- आमा समूह विकास अक्षय कोष निर्माण– वार्षिक ३ वटा समूह
- युवा क्लब विकास अक्षयकोष निर्माण– वार्षिक ३ वटा क्लब
- सरसफाई सामाग्री वितरण– वार्षिक १ लाख ५० हजार
- गरिब तथा जेहन्दार छात्रवृत्ती वितरण– ५० जना विद्यार्थीहरुलाई रु.५/५ हजार मात्र
- विद्यालय वित्तीय साक्षरता कार्यक्रम– १० वटा विद्यालय
- कोभिड लकडाउनमा कृषि एम्बुलेन्स सञ्चालन– ४२ लाखको तरकारी विक्री
- प्राकृतिक विपत्तीहरुमा सहयोग– आवश्यकता अनुसार

## रुपन्देहीमा सहकारीमा कर सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको रुपन्देहीमा संचालित शाखा कार्यलयहरुको संयूक्त आयोजनामा कर सम्वन्धि अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम चैत्र ११ सम्पन्न भएको छ । बुटवल शाखा ब्यवस्थापन समितिका सदस्य भिम तुलाचनको अध्यक्षता र बैंकका अध्यक्ष के.बि. उप्रेतिको प्रमुख आतिथ्यता, आन्तरिक राजस्व कार्यालय बुटवलका प्रमुख कर अधिकृत धुर्व प्रसाद पाण्डेको विशिष्ट आतिथ्यतामा दरवारलन होटलको सभा हलमा भएको कार्यक्रममा रुपन्देहीका दुई सय दश जना सहकारीकर्मीहरुको उपस्थितिमा भएको थियो ।

कार्यक्रमको प्रमुख अतिथि बैंकका अध्यक्ष के.बी.उप्रेतिले सहकारी संघ संस्थाहरुको एकमात्र सहकारी बैंकको रुपमा बैंक बिकास र बिस्तार हुने बताउँदै नविनतम प्रबिधिको उच्चतम प्रयोग, सहज सेवा र सहकारीको माध्यमवाट बैंक संचालन गर्ने जानकारी दिँदै सहकारीको पैसा सहकारी बैंकमै कारोवारको लागी आग्रह गर्नुभएको थियो । कार्यक्रममा कर सम्बन्धी प्रमुख कर अधिकृत पाण्डेले सहजीकरण गर्दै सहभागिहरुले राखेको बिभिन्न जिज्ञासाहरुलाई समाधान गर्नु भएको थियो । बैंकको वर्तमान अवस्थाको बारेमा बैंकका बुटवल शाखा प्रमुख नारायण बेल्वासेले प्रस्तुतिकरण गर्नु भएको थियो ।

कार्यक्रम बैंकका सञ्चालक माधव प्रसाद देवकोटाको स्वागत र शाखा प्रमुख नारायण बेल्वासेको संचालनमा सम्पन्न भएको थियो ।

सफलतको कथा

# कम मिहिनेतमानै अन्यत्र पाईने रकम भन्दा बढि कमाई हुन्छ



काम गर्ने ईच्छा शक्ति हुने हो भने आधारभूत तालिमले समेत काम गर्न सकिन्छ भन्ने कुरा देवदह-७ केशवमार्ग निवासी रिता थापावाट शिक्षा लिन सकिन्छ । शिक्षण पेशामा क्रियाशिल रहनु भएका थापालाई आफ्नै ब्यवसाय गर्न मन लाग्यो । के ब्यवसाय गर्ने होला भनेर सोचिरहेको समयमा रूपन्देहीको देवदहमा रहेको कोलिय देवदह बचत तथा ऋण सहकारी संस्थाले तरकारी खेती सम्बन्धी तालिमको आयोजना गर्ने सूचना प्रकाशित गऱ्यो । तालिममा सहभागी हुन आवेदन दिंदा छनोट भईन्छ की भइदैन भन्ने पिर थियो । सहभागी छनोटमा आफ्नो नाम परे पछि उहाँलाई खुबै खुसी लागेको बताउनु हुन्छ । तालिममा छनोट भइसके पछि संस्थाको नियमानुसार बेमौसमी तरकारी खेतीको ७ दिने तालिम लिइ सके पछि तरकारी खेती गर्न सक्छु भन्ने हिम्मत आयो । तालिममा सिकेका सीपहरू ब्यवहारमा उतार्दै जाँदा अहिले तरकारी खेतीवाट राम्रो आम्दानी हुने गरेको उहाँको अनुभव रहेको छ ।

तालिमबाट सिकेका सिपहरूलाई ब्यवहारमा उतार्दै जांदा हाल मासिक १० हजार रूपैया बरावरको तरकारी बिक्री गर्न सफल भएको उहाँको भनाई रहेको छ । अन्यत्र नोकरी गर्न भन्दा कम मिहेनतमानै अन्यत्र पाईने रकम भन्दा बढि कमाई हुने गरेको उहाँको अनुभव रहेको छ । बिगत एक बर्ष अगाडि देखि आफु संग भएको करिव डेढ कट्ठा जग्गामा बिरूवा उत्पादन गर्ने तथा टमाटर, फूलगोबी बन्दा गोबी, ब्रोकाउली, ग्याठगोबी ,लौका, फर्सी, घिरौला लगायतका तरकारी उत्पादन गरि बिक्री गरिरहेको उहाँको भनाई रहेको छ । तालिम सँगै बिरूवा उत्पादन गरेर बिक्री गर्दा राम्रो आम्दानी हुने गरेको थापाको अनुभव रहेको छ । उन्नत जातको विउ ल्याएर वेर्ना तयार गरी बिक्री गर्दा बजार राम्रो रहेको उहाँको भनाई रहेको छ । पहिला जग्गाको सदुपयोग गर्न नसकेर बाँझो बस्ने गरेकोमा हाल भने जग्गा नपुगेर भने जती काम गर्न नसकेको उहाँको भनाई रहेको छ । जग्गा नजिकमा पाउने हो भने भाडामा लिएर भए पनि तरकारी उत्पादन गर्ने सोच रहेको छ ।

सहकारीले तरकारी खेतीको तालिम प्रदान गरे पछि हरित स्वयमसेवक छनोट भइ टनेल समेत निर्माण गर्नु भएको छ । टनेल निर्माण पश्चात नर्सरी गर्न सजिलो भएको थपाले बताउनु भयो । देवदह नगरपालिकामा तरकारी खेतीको लागि आवश्यक उपकरण पटक पटक माग गरे पनि कहीलै पाउन नसकेको गुनासो गर्नु भयो । उहाँ भन्नु हुन्छ " उत्पादन गरेर घर खर्च चलाउनेले भन्दा अरूले अनुदान पाउने परिपाटीको कारण कृषिमा बिकास हुन सकेको छैन । यदि उत्पादन गर्नेलाई अनुदान दिने हो भने उत्पादनमा बृद्धि हुन सक्छ । "

कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि. ले तालिमको अवसर दिएको कारण स्वरोजगार हुन सकेको उहाँको भनाई रहेको छ । काम गर्नेहरूलाई मात्र तालिम दिने र प्राप्त गरेको तालिमलाई ब्यवाहारमा उतार्न सक्ने हो भने उद्यमी बन्न सकिने उहाँको निश्कर्ष रहेको छ । सहकारीले उत्पादन बृद्धिको लागि सिप बिकास तालिम संचालन गर्न आवश्यक रहेको उहाँको ठम्याई

रहेको छ । सहकारीले उत्पादनमुलक काम गर्दा सुविधा दिनु पर्ने र सहज रूपमा लगानी गर्नु पर्ने उहाको भनाई रहेको छ । सहकारीले सीप बिकास तालिम संचालन गरेकोले आफु व्यवसायी बन्न सकेको हँदा शेयर सदस्यहरूलाई आवश्यकता अनुसार तालिमको व्यवस्था गर्नु पर्ने उहाँको सुझाव रहेको छ। सीप बिकास तालिमले उद्यमी बन्न सकीने हुँदा तालिममा सहभागी हुने भन्दा पनि सिप सिक्नु पर्ने उहाँको बुझाई रहेको छ। सहकारीले प्रदान गरेको तालिम सिकेर आफुले तरकारी खेती गर्न सकेको उहाँको भनाई रहेको छ ।

# दोलखामा व्यवसाय प्रवर्द्धनमा सहकारी अभियानको भूमिका विषयक साक्षात्कार कार्यक्रम




ललितपुर । बैंक तथा वित्तीय क्षेत्रमा पछिल्लो समय देखिएको तरलता (लगानी योग्य पूँजी) अभावलाई मध्येनजर गर्दै राष्ट्रिय सहकारी बैंक लिमिटेड दोलखा शाखाको आयोजनामा व्यवसाय प्रवर्द्धनमा सहकारी अभियानको भुमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

चैत्र १३ गते दोलखा सदरमुकाम चरिकोटमा जिल्लामा रहेका सहकारी संघ संस्थाका व्यवस्थापकहरुको छलफल तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै बैंकका अध्यक्ष के.बी. उप्रेतीले प्रतिस्पर्धात्मक बजारमा सुरक्षित र भरपर्दो संस्था रोजी कारोवारलाई अगाडी बढाउन आवश्यक रहेको बताउनु भयो । सहकारी बैंक सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, विकास एवं बैंकिङ्ग कारोवारको लागी सहकारी क्षेत्रको एक मात्र बैंक भएको हुँदा सहकारीको बचत सहकारीमै भन्ने भनाईलाई अनुशरण गरी बचतलाई प्राथमिकतामा राखी अगाडी बढ्न कार्याक्रममा सहभागीहरुलाई आव्हान गर्नुभयो ।

त्यसो गर्न सकिएमा अहिले बजारमा देखिएको वित्तीय समस्या समाधान हुने बताउनु भयो । त्यस्तै सहकारी संघ/संस्थाहरुको लागी आफ्नै ब्राण्डको कोप (एटिएम) कार्ड जारी गर्ने उद्देश्यका साथ राष्ट्रिय सहकारी बैंक लिमिटेड सहित स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेड (*एससिटी*) र ग्लोबल आइएमई बैंक लिमिटेड एटिएम कार्ड सेवा प्रदान गर्ने सम्बन्धी सम्झौता भएको जानकारी दिनु हुँदै एससिटीसँगको सहकार्यमा सबै प्राविधिक तयारी पुरा भएपछि राष्ट्रिय सहकारी बैंकले छिट्टै आफ्ना सदस्य सहकारी संघ/संस्थाहरु मार्फत सहकारीमा आबद्ध सदस्यलाई एटिएम कार्ड प्रदान गर्ने उल्लेख गर्नु भयो ।

उहाँले भन्नुभयो "बाणिज्य बैंकका ग्राहकहरुले प्रयोग गरे जस्तै सहकारी संस्थाका सदस्यहरुले कोप कार्ड प्रयोग गर्न सक्ने विशेषता यसमा रहेकोले सहकारीका सदस्यहरुले कार्ड मार्फत आर्थिक कारोबार सक्ने भन्दै सुरक्षा र प्रविधिको हिसावले मजबुत मानिएको छ" नेपाल सरकारले लिएको डिजिटल नेपालको अभियानलाई पनि सहयोग पुग्ने उल्लेख गर्दै सहकारीका सदस्यहरुले पनि नगद रहीत कारोबार गर्न पाउनु आफैँमा ठूलो उपलब्धि रहेको बताउन् भयो । त्यस्तै अध्यक्ष उप्रेतीले

सन्दर्भ ब्याजदर, सहकारी पाठ्यक्रम, कर्जा सुचना केन्द्र, र स्तरीकरण कोषको विषयमा समेत जानकारी दिनु भएको थियो ।

कार्यक्रममा बैंकको दोलखा शाखाका शाखा प्रमुख हेमन्त चौलागाईले ६५औं राष्ट्रिय सहकारी दिवसको पुर्व सन्ध्यामा आयोजित राष्ट्रिय सहकारी बैंक र व्यवसाय प्रर्बद्धनमा सहकारी अभियानको भुमिकाको बारेमा जानकारी गराउनु हुँदै विद्यमान परिस्थितिमा देखिएको सहकारी संघ/संस्थाहरुमा तरलता अभाव र यसको व्यवस्थापनमा सहकारी संघ संस्थाहरुले खेल्नुपर्ने भुमिकाको विषयमा चर्चा गर्नुभएको थियो ।

# प्यूठानमा सहकारी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा प्यूठानका सहकारी संघ संस्थाका प्रतिनिधिहरु बीच बैंकको शाखा कार्यालय स्थापना गर्ने विषयमा छलफल तथा अन्तरक्रिया भएको छ ।




प्यूठानमा चैत्र १२ गते आयोजित कार्यक्रममा बोल्दै बैंकका अध्यक्ष के.बी.उप्रेतीले सहकारीको राम्रो व्यवस्थापन गर्न नितिगत रुपमा नियामक निकायले सबै पक्षसंग समन्वय गरी अगाढी बढ्नु पर्ने बताउनु भएको छ । उहाँले "सहकारी बैंक प्यूठानमा स्थापना गर्न लागिएको भन्दै तपाईहरु सबै यसको राम्रो व्यवस्थापन गर्न जुट्नु पर्ने उल्लेख गर्नु भयो"।

हाल बैंकले देशभरी ६८ वटा शाखा कार्यालय मार्फत सदस्य सहकारी संघ संस्थाहरुलाई वित्तीय तथा गैर-वित्तीय सेवा दिईरहेको जानकारी दिदैं प्यूठानमा पनि बैंकको शाखा कार्यालय स्थापना गर्ने तयारी भईरहेको बताउनु भयो ।

त्यस्तै बैंकका सञ्चालक एवम् लुम्बिनि प्रदेशका संयोजक बिजया धितालले सरकारको तिन खम्बे अर्थनितिका कारणले गर्दा सहकारीलाई कुनै पनि हिसावले बाइपास गरेर अगाढी सरकार जान नसक्ने बताउनु भयो । सहकारी संस्थाहरुलाई राम्रो बनाउन बिधि पद्धतिमा चल्नु पर्ने बताउँदै सहकारी बलियो बनाउन सबै मिलेर लाग्नु पर्ने उल्लेख गर्नुभयो ।

जिल्ला बचत तथा ऋण सहकारी संघ प्यूठानका अध्यक्ष भोज बहादुर बस्नेतले संस्था राम्रो बनाउन रणनितिक योजना हुनपर्ने बताउनु भएको छ । बैंकको वर्तमान अबस्थाका बिषयमा राष्ट्रिय सहकारी बैंक लिमिटेड बुटवल शाखाका नारायण बेल्वासेले समुदायमा सहकारीको भूमिका निकै महत्वपूर्ण भएकाले यसको व्यवस्थापनमा निकै चनाखो भएर लाग्नु पर्ने बताउनु भएको छ । राज्यको ठूलो पुँजि सहकारी मार्फत चलेको हुँदा सहकारी बैंकले व्यवस्थापनमा जोड दिने बताउनु भएको थियो । जिल्ला सहकारी संघ प्यूठानका अध्यक्ष बिष्णु योगीको अध्यक्षतामा भएको कार्यक्रम प्यूठानको जुम्रीमा भएको थियो । कार्यक्रममा जिल्लाका सबै स्थानीय तहका सहकारीहरुको व्यापक सहभागीता रहेको थियो । बैंकमा प्यूठानका ५९ वटा सहकारी संस्थाहरु आबद्ध रहेका छन् ।

# नयाँबजारमा व्यवस्थापकहरुको क्षमता अभिवृद्धि तालिम सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड नयाँबजार शाखाको आयोजनामा चैत्र १६ देखी संञ्चालित दुई दिने व्यवस्थापकहरुको क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ । चैत्र १६ देखि शुरु भएको तालिमको समापन गर्दै बैंकका अध्यक्ष के.बी.उप्रेतीले सहकारी संघ/संस्थाहरुका व्यवस्थापकको क्षमता अभिवृद्धि तालिम उपलब्धीपूर्ण होस् भन्ने शुभेच्छा व्यक्त गर्नुहुँदै सहकारी संघ/संस्था सुशासनमा रहेर कारोबार गरेमा हाल वित्तीय क्षेत्रमा देखिएको तरलता अभावको समस्या समाधान हुने बताउनुभयो । उहाँले सम्पूर्ण सहकारी संघ संस्थाहरुले सहकारी बैंकमा नै कारोवार गर्न आग्रह गर्दै आफ्ना सदस्य संस्थाहरुलाई आवश्यक पर्दा प्राथामिकताको आधारमा बैंकले सहयोग गर्ने उल्लेख गर्नु भयो । कर्मचारीहरुमा व्यवस्थापकीय दक्षता अभिवृद्धि गर्न, सहकारीमा सुशासन कायम गर्नुका साथै कार्य क्षमता अभिवृद्धि गर्ने उद्देश्यले बैंकले विभिन्न तालिमहरु आयोजना गर्ने भएकोले सबै तालिमहरुमा सहभागि हुन अनुरोध गर्नुभयो ।

तालिममा नयाँ बजार शाखा कार्यालय क्षेत्रका २१ वटा सहकारीका व्यवस्थापकहरुले सहभागिता जनाएका थिए । शाखा प्रमुख लोकेन्द्र के.सी.ले संञ्चालन गर्नु भएको तालिममा प्रशिक्षक विवेकराज ठकुरीले सहजिकरण गर्नु भएको छ । तालिम पश्चात सहभागिहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

# सिरहामा राष्ट्रिय सहकारी बैंकको अन्तरक्रिया कार्यक्रम




ललितपुर । "मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" भन्ने मुल नाराका साथ ६५ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सिरहामा सहकारीको समसामयिक विषयमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । चैत्र २१ गते राष्ट्रिय सहकारी बैंक लिमिटेड लाहान शाखाको आयोजनामा त्यस क्षेत्रका सहकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुसंगको अन्तरक्रिया तथा छलफल कार्यक्रममा बोल्दै बैंकका अध्यक्ष के.बी. उप्रेतीले

'मर्यादित व्यवसाय र प्रविधिमा सहकारी' भन्ने नारालाई सार्थक बनाउन सहकारीको सेवा तथा कार्यलाई प्रविधिमैत्री बनाउनु पर्ने बताउनु भयो । सहकारी संस्थाहरुले दिने सेवालाई समयानुकूल र प्रविधिमैत्री बनाउन नसक्दा पछि परेको भन्दै यसको लागि सहकारी बैंकले काम गरिरहेको उल्लेख गर्नुभयो । यस क्षेत्रका संस्थाहरुले अझ मर्यादित भएर आय-आर्जन हुने क्षेत्रमा कार्य गर्नुपर्ने भएकोले सहकारी मार्फत गरीबि न्युनीकरण, स्वरोजगारमा वृद्धि र स्वदेशी उत्पादनमा योगदान गर्ने गरी संस्थाहरुले कर्जा लगानी गर्नु पर्ने भएकाले बैंकको पहलमा सातै प्रदेशका सरकारबाट सहुलियत दरको रकम उपलब्ध गराउन पहल भइरहेको जानकारी दिँदै बैंकद्वारा सुरु गर्न लागेको एटिएम (कोप कार्ड) फण्ड ट्रान्सफर सेवामा आवद्ध हुन सबै संस्थाहरुलाई आह्वान गर्नु भयो ।

कार्यक्रममा बैंकका सञ्चालक विश्वनाथ मण्डलले सहकारीको समसामयिक विषयमा प्रस्तुतिकरण समेत गर्नु भएको थियो । बैंकको लाहान शाखा समन्वय उप-समितिका संयोजक संजय महतोको अध्यक्षतामा भएको कार्यक्रमको संचालन शाखा प्रमुख समिर श्रेष्ठले गर्नु भएको थियो । कार्यक्रममा जिल्ला भरिका सहकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

## जनकपुरमा सहकारीको वर्तमान अवस्थाः समस्या र समाधान विषयक अन्तरक्रिया



ललितपुर । "मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" भन्ने मुल नाराका साथ ६५ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा धनुषाको जनकपुरधाममा 'सहकारीको वर्तमान अवस्थाः समस्या र समाधान' विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम चैत्र २२ गते सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन बैंकका अध्यक्ष के.बी. उप्रेतीले गर्नु भएको थियो । सो अवसरमा बोल्दै उहाँले सहकारी क्षेत्रमा देखिएका विभिन्न समस्याको पहिचान गरी समाधानका लागि सबै एकतावद्ध भएर लाग्नु पर्ने बताउनु भयो ।

सहकारी क्षेत्रका समस्याहरुको समाधानका लागि सरकार गम्भिर नभएको भन्दै सहकारीहरुको समस्याका बारेमा बैंक र अभियान संग-संगै रहेको उल्लेख गर्नु भयो । उहाँले सहकारी क्षेको पूँजी उत्पादन र उद्योग व्यवसायका अन्य क्षेत्रहरुमा परिचालित गर्नुपर्ने धारणा राख्नु भयो ।

कार्यक्रममा सहकारीको वर्तमान अवस्था, समस्या र समाधानका विषयमा राष्ट्रिय सहकारी बैंकका सञ्चालक ध्रुव नारायण यादवले सहजीकरण गर्नु भएको थियो । उहाँले सहकारी क्षेत्रमा आउन सक्ने वित्तीय जोखिम कम गर्नको लागि सहकारीको पैसा सहकारीमै राख्ने विषयमा ध्यान दिन आग्रह गर्नु भयो ।

कार्यक्रम राष्ट्रिय सहकारी बैंकको जनकपुर शाखा समन्वय उपसमितिका संयोजक संजय कुमार साहको अध्यक्षता, जनकपुर शाखाका प्रमुख विष्णुप्रसाद पराजुलीको सञ्चालन र बैंकका संचालक विश्वनाथ मण्डलको स्वागतमा सम्पन्न भएको थियो । कार्यक्रममा विभिन्न सहकारी संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

यसैबिच बैंकको आर्थिक वर्ष २०७७/०७८ को कारोबार अनुसार १८ औं वार्षिक साधारण सभामा घोषणा भएअनुसार शाखास्तरमा उत्कृष्ट र नियमित कारोबार गर्ने सहकारी संस्थाहरु सम्मानित भएका छन् । सम्मानित हुन संस्थाहरुमा उत्कृष्ट राजश्री सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ सोसाईटि लि.जनकपुर र नियमित तर्फ सामुहिक सेवा बचत तथा ऋण सहकारी संस्था लि.जनकपुर रहेका छन् । सम्मानित संस्थाका प्रतिनिधिहरुलाई बैंकका अध्यक्ष के.बी. उप्रेतीले प्रशंसा पत्र वितरण गर्नु भएको थियो ।

# राष्ट्रिय सहकारी बैंक र महालक्ष्मी नगरपालिकाको सहकार्यमा सम्पत्ति शुद्धिकरण कार्यशाला



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड इमाडोल शाखा र महालक्ष्मी नगरपालिका ललितपुरको सहकार्यमा एक दिवसीय सम्पत्ति शुद्धिकरण सम्बन्धी कार्यशाला कार्यक्रम चैत्र २१ गते सम्पन्न भएको छ ।

६५ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा नगरपालिका भित्र रहेका सहकारी संघ संस्थाका अध्यक्ष तथा व्यवस्थापकहरुलाई लक्षित गरी आयोजना गरेको कार्यशाला कार्यक्रमको उद्‌घाटन पछि बोल्दै नगरपालिकाका प्रमुख रामेश्वर श्रेष्ठले वित्तीय कारोबार गर्ने सहकारी संघ संस्थाहरुमा सम्पत्ति शुद्धिकरण गराउन सक्ने जोखिमको सम्भावना हुने भएकोले सहकारी संघ संस्थाहरुका लागी सम्पत्ति शुद्धिकरण कार्यशाला कार्यक्रम महत्वपूर्ण भएको बताउनु भयो ।

अर्थतन्त्रको तिन खम्बा मध्ये एक खम्बा सहकारी भएकोले सहकारी क्षेत्रमा सम्पत्ति शुद्धिकरणको जोखिम भित्रिन नदिन सबै सहकारी संघ संस्थाले सम्पत्ति शुद्धिकरण निवारण ऐन कार्यन्वयन गर्नुपर्ने र अनिवार्य रुपमा कम्प्लायन अफिसर तोक्नुपर्ने भन्दै नगरपालिका भित्रका सहकारीहरु सफल, सबल र अब्बल भएको आफुले हेर्न चाहेको उल्लेख गर्नु भयो ।

उप-प्रमुख निर्मला थापाले सहकारी संघ संस्थाको सवलीकरणका लागी नगरपालिकाले राष्ट्रिय सहकारी बैंकसंगको सहकार्यमा रणनीतिक तथा व्यवसायिक योजना, नेतृत्व रुपान्तरण लगायतका थुप्रै कार्यक्रम निरन्तर रुपमा सञ्चालन गर्दै आइरहेको जानकारी गराउदै सहकारी संघ संस्थाहरुले सम्पत्ति सुद्धिकरण निवारण ऐन, नियमावली र निर्देशनका आधारमा आन्तरिक नीति र कार्यविधि बनाई कार्यान्वयनलाई जोड दिएको बताउनु बताउनु भयो ।

कार्यक्रममा सम्पत्ति शुद्धिकरण विभागका प्रकाशचन्द्र सापकोटाले सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलाप नियन्त्रणमा कानूनी व्यवस्था र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान तथा न्यायीक दृष्टि, सम्पत्ति शुद्धिकरण बिरुद्धका औजार, पद्धती यसको प्रयोग र सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन र रिपोटिङ्ग, जोखिम मूल्याङकन तथा व्यवस्थापनको बिषयमा सहजिकरण गर्नु भएको थियो ।

कार्यक्रममा बैंकका बरिष्ठ प्रबन्धक राम बाबु आचार्य, इमाडोल शाखाका प्रमुख अनुजा सैंजू, नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत रोशन ज्ञवाली, शाखा अधिकृत उर्मिला ढकाल लगायत नगरपालिका भित्रका सहकारी संघ-संस्थाबाट ७६ जना सहभागीहरुको सहभागीता रहेको थियो ।

कार्यक्रम नगर प्रमुख रामेश्वर श्रेष्ठको अध्यक्षता, बैंकका सहायक प्रबन्धक मधु रायमाझिको स्वागत र नगरपालिकाको सहकारी शाखाकी सरिता गौतमको सञ्चालनमा सम्पन्न भएको थियो ।

# राष्ट्रिय सहकारी बैंकद्वारा भारतीय सहकारीकर्मीलाई स्वागत



ललितपुर । राष्ट्रिय सहकारी बैंकद्वारा भारतीय सहकारीका प्रतिनिधिहरूलाई स्वागत गरिएको छ। चैत्र ३० गते बैंकको केन्द्रीय कार्यालय कुपण्डोलमा भारतीय सहकारीका प्रतिनिधिहरूलाई बैंकका अध्यक्ष के.बी. उप्रेती, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई सहितले उहाँहरुलाई स्वागत गर्नु भएको थियो । भारतीय सहकारीका सल्लाहकार डा.जगदीश शर्माको नेतृत्वमा आएको चार सदस्य टोलिमा लाम्ब्रा काङ्गी बहुउद्देश्यीय सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत जसविन्दर सिंह, कृषि सल्लाहकार डा. सिमरनजीत सिंह, मिडिया कन्सल्टेन्ट डा. शादिलाल आनन्द रहनु भएको थियो ।

सो अबसरमा उहाँहरुलाई बैंकका अध्यक्ष के.बी. उप्रेती र प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरगाईले बैंकको परिचय, बैंकको सेवा, कार्ययोजना तथा सञ्चालन गरिरहेको सेवा, कार्यक्षेत्र जस्ता बिषयमा अतिथिहरुलाई जानकारी गराउनु भएको थियो, भने अतिथिहरुले समेत राष्ट्रिय सहकारी बैंकले नेपालको सहकारी अभियानमा बैकले निभाएको भूमिका सम्बन्धमा प्रसंशा गर्दै आफ्ना सुझावहरु राख्नुभएको थियो ।

कार्यक्रममा बैंकका अध्यक्ष के.बी. उप्रेती, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई सदस्य सेवा विभागका प्रमुख राम बाबु आचार्य सहित बैंकका उच्च व्यवस्थापनका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# केयर कार्यक्रममा आवद्ध मधेश प्रदेशका संस्थाहरू बीच समिक्षात्मक गोष्ठी सम्पन्न

ललितपुर । आइडियल सहकारी संस्था लिमिटेड राजबिराजको आयोजनामा राष्ट्रिय सहकारी बैंकले संचालन गरेको केयर कार्यक्रममा आवद्ध सहकारी संस्थाहरु बीच 'समिक्षात्मक गोष्ठी' कार्यक्रम सम्पन्न भएको छ । चैत्र २४ गते संस्थाको सभाहलमा भएको कार्यक्रममा सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत राष्ट्रिय सहकारी बैंकले संचालन गरेको केयर कार्यक्रममा आवद्ध मधेश प्रदेशको ९ वटा सहकारी संस्थाहरुका पदाधिकारी, संचालक, विभिन्न उप-समितिका संयोजक तथा सदस्यहरु, कर्मचारीहरु र सदस्यहरुको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी बैंकका संचालक एवम् प्रमुख अतिथि विश्वनाथ मण्डलले केयर कार्यक्रमले संस्थाको विकास र प्रवर्द्धनमा सहयोग पुग्ने बताउनु भयो । उहाँले "कार्यक्रममा आवद्ध सहकारी संस्थाको संस्थागत विकास तथा स्तरोन्नतीका लागि संस्थाको विनियम अद्यावधिक, कार्यविधिहरु निर्माण एवम् अद्यावधिक योजना

निर्माण एवम् समीक्षा, नेतृत्व व्यवस्थापनको दक्षता अभिवृद्धी, आन्तरिक नियन्त्रण प्रणाली, सुशासन लगायत गैर-वित्तीय पक्ष एवम् वित्तीय व्यवस्थापन तथा स्वस्थता कायम गर्न आवश्यक प्राविधिक सहयोग उपलव्ध हुने भएकोले पनि यो कार्यक्रमले सहकारी संस्थाहरुलाई फाईदा हुने उल्लेख गर्नुभयो" । सहकारी संस्थाहरुको संचालनलाई थप व्यवस्थित गरी गुणात्मक सुधार मार्फत सहकारी अभियानको उच्च छवि निर्माणमा पनि यस कार्यक्रमले प्रत्यक्ष सहयोग गर्ने बताउनु भयो ।




समिक्षात्मक गोष्ठी कार्यक्रमले १४ बुँदे निश्कर्ष समेत निकालेको छ । संस्थाले जोखिममा रहेको ऋणको आधारमा ऋण सुरक्षणको व्यवस्था गर्ने, प्रत्येक संस्थाले अर्धवार्षिक समिक्षा वैठक गर्ने, यस वर्ष कम्तिमा १५ प्रतिशत सदस्यहरुलाई सहकारी शिक्षा प्रदान गर्ने, संस्थाका सवै कर्मचारीहरुलाई कार्य विवरण प्रदान गर्ने र असार मसान्त पछि सबै कर्मचारीहरुको वार्षिक कार्यसम्पादन मुल्याङ्कन गर्ने लगायतको रहेका छन् । आइडियल सहकारी संस्थाका अध्यक्ष गणेश कुमार आशको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका संचालक एवम् मधेश प्रदेशका संयोजक विश्वनाथ मण्डल, बैंकका सदस्य सेवा विभाग प्रमुख रामबाबु आचार्य, अधिकृत सुर्य प्रसाद रिमाल, राजविराज शाखा प्रमुख चन्द्रमणी भट्टराई र केयर कार्यक्रममा आवद्ध सहकारी संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागिहरुले केयर मापदण्डको आधारमा संस्थाको अवस्था, संस्थामा भएका सुधार तथा प्रगती, संस्थाको वित्तीय तथा गैर-वित्तीय अवस्थाको बारेमा संस्थागत प्रस्तुतीकरण गर्नुका साथै एक आपसमा भएका असल अभ्यासहरुको अनुभव आदान-प्रदान गरिएको थियो । संस्थामा सुधार गर्नुपर्ने पक्षहरुको विषयमा बैंकका सदस्य सेवा विभाग प्रमुख रामबाबु आचार्य र केयर कार्यक्रमका अधिकृत सुर्यप्रसाद रिमालले सहजकिरण गर्नु भएको थियो ।

यसैविच राजविराजमा रहेको प्रभु बचत तथा ऋण सहकारी संस्था लि.राष्ट्रिय सहकारी बैंकले संचालन गरेको केयर कार्यक्रममा आवद्वताको लागि सम्झौता गरेको छ । बिहिबार संस्थाको कार्यलयमा बैंकका सदस्य सेवा विभाग प्रमुख रामबाबु आचार्यले संस्थाका प्रतिनिधिहरुलाई सम्झौता हस्तान्तरण गर्नुभएको छ ।

# दमौलिमा सहकारीका बजार प्रतिनिधिहरूको लागि क्षमता विकास तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौलि शाखाको आयोजनमा संचालन भएको "सहकारीका बजार प्रतिनिधिहरुको क्षमता विकास" तालिम बैशाख ९ गते सम्पन्न भएको छ । तालिममा बैंकको दमौलि शाखामा कारोबार गर्ने व्यास नगरपालिका र म्याग्दे गाउँपालिका क्षेत्रका सहकारी संघ संस्थाका ५२ जना भन्दा बढी सहकारीका बजार प्रतिनिधिहरु सहभागी भएका थिए । तालिमको सहजीकरण दमौलि शाखाका प्रमुख उपेन्द्र दाहालले गर्नु भएको थियो । तालिममा सहजिकरण गर्दै उहाँले 'सहकारीका बजार प्रतिनिधि संस्थाको महत्वपूर्ण जिम्मेवारीमा र सदस्यको नियमित सम्पर्कमा रहने भएकोले उत्कृष्ठ कार्य सम्पादन गर्नको लागि तालिम फलदाही हुने भन्दै बैंकले प्रदान गर्ने हरेक तालिममा सहभागी भई उच्च ज्ञान हासिल गर्न र सहकारी क्षेत्रको उत्कृष्ठ कर्मचारी बन्ने अवसर प्राप्त गर्न सहभागीहरुलाई अनुरोध गर्नुभयो' । 'बजार प्रतिनिधिहरुले संस्थाबाट पाउने सेवा सुविधा आफुले गर्ने कार्य सम्पादनमा भर पर्ने भएकोले असल बजार प्रतिनिधि मात्र नभई भविष्यको

असल प्रबन्धक बन्ने उद्देश्य सहित सक्रिय सहभागिताका लागि अनुरोध गर्नु भयो' । तालिममा सहभागिहरुले तालिम निकै उपयोगि भएको भन्दै बैंकलाई धन्यबाद दिएका थिए, आगामी दिनमा पनि क्षमता विकास हुने खालको तालिम संचालन गर्न बैंकलाई अनुरोध गरेका छन् ।

# बागलुङमा सहकारी बैंकको स्तरीकरण कार्यक्रममा सहभागी सहकारीहरूबीच समिक्षा गोष्ठी




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारीहरुको स्तरीकरण कार्यक्रम अर्न्तगत बागलुङ र म्याग्दीमा आवद्ध सहकारी संस्थाहरुका बीच केयर समिक्षा कार्यक्रम बैशाख १६ गते सम्पन्न भएको छ ।

केयरमा आवद्ध एकता सहकारी संस्था लिमिटेड बागलुङको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको संयोजनमा शुक्रवार कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बैंकको केयर कार्यक्रममा आवद्ध दुई जिल्लाका ११ वटा संस्थाको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल भएको थियो ।

सहकारीहरुलाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि रणनीतिक योजना निर्माण गर्ने, संस्थागत पूँजि वृद्धिको योजना बनाउने, सञ्चालक समिति र उपसमितिका पदाधिकारी तथा सदस्यहरु र कर्मचारीको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, तरलता व्यवस्थापन लगायतका विषयमा ध्यान दिनु पर्नेमा जोड दिइएको छ ।

केयर कार्यक्रममा आवद्ध सहकारी संस्थाहरुको तर्फबाट बेनी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रमेश गिरीले सहकारीलाई सुरक्षित रुपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रुपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी भएको बताउनुभयो । स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट वर्षमा ३ पटक संस्थागत रुपमा अनुगमन निरीक्षण गरी सुझाव दिने र सुझावहरु कार्यान्वयन गर्दै जादा संस्थालाई धेरै व्यवस्थित गराउन सहज भएको गिरीको भनाइ थियो ।

कार्यक्रम समापनका क्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले सहकारीहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि स्तरीकरण कार्यक्रम आवश्यक रहेको बताउनु भयो । उहाँले सहकारीलाई नीतिगत रुपमा भन्दा पनि विगतको अभ्यासका आधारमा सञ्चालन गर्ने अवस्थाका कारण कतिपय सहकारीमा समस्या आएको भन्दै सुधारका लागि स्तरीकरण कार्यक्रममा सहभागी हुन आव्हान गर्नु भयो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सदस्य सेवा विभाग प्रमुख रामबाबु आचार्य र स्तरीकरण विभागका अधिकृत नवकुमार अधिकारीले सहजीकरण गर्नु भएको थियो । उहाँहरुले संस्थाहरुको अवस्थाको बारेमा जानकारी गराउदै सुधारका लागि आवश्यक सुझावहरु समेत दिनु भएको थियो ।

एकता सहकारी संस्थाका अध्यक्ष ध्रुव प्रसाद शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका संरक्षक देव बहादुर श्रेष्ठ, जिल्ला सहकारी संघ बाग्लुङ निवर्तमान उपाध्यक्ष अशोक गोविन्द राजभण्डारी लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन एकता

सहकारी संस्थाका सचिव महेन्द्र कंडेल र स्वागत सञ्चालक बाबुकाजी केसीले गर्नु भएको थियो ।

राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम अन्तरगत केयर कार्यक्रममा बाग्लुङबाट आदर्श सञ्चार सहकारी संस्था, एकता सहकारी संस्था, अभियान बहुउद्देश्यीय सहकारी संस्था, बाग्लुङ बहुउद्देश्यीय सहकारी संस्था, प्रगति बहुउद्देश्यीय सहकारी संस्था र शंखधर बहुमुखी सहकारी संस्था गरी ६ वटा संस्था आवद्ध भएका छन् ।

यस्तै म्याग्दीबाट बेनी बचत तथा ऋण सहकारी संस्था, विश्वामित्र बचत तथा ऋण सहकारी संस्था, संगिनी बचत तथा ऋण सहकारी संस्था, मुक्तिनाथ बहुउद्देश्यीय सहकारी संस्था र लोकदिप वचत तथा ऋण सहकारी संस्था गरी ५ वटा संस्था केयर कार्यक्रममा आवद्ध भएका छन् ।

# पोखरामा सहकारीकर्मीलाई साइबर सुरक्षा तालिम

काठमाडौ । राष्ट्रिय सहकारी बैंक लिमिटेड पोखरा र तालचोक शाखाको आयोजनामा पोखराका सहकारीकर्मीहरुका लागि एक दिने प्रविधिमा हुने जोखिम न्यूनिकरण साइबर सुरक्षा तालिम चैत्र २१ गते सम्पन्न भएको छ ।

सहकारीहरु प्रविधिको उपयोगतर्फ अग्रसर भैरहेको अवस्थामा प्रविधिको प्रयोगमा आउन सक्ने जोखिमको पहिचान र न्यूनिकरणका लागि सहयोग पुग्ने उद्देश्यका साथ तालिम आयोजना गरिएको बैंकले जनाएको छ ।

कार्यक्रममा बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले सहकारी क्षेत्रले वित्तीय, उत्पादन लगायतका क्षेत्रमा बिचौलियाको अन्त्यका लागि प्रयत्न गर्दै आएकोमा पछिल्लो समय प्रविधि क्षेत्रका बिचौलियाहरुसंग पनि लड्नु पर्ने अवस्था आएको बताउनुभयो । उहाँले सहकारीलाई व्यावसायिक र मर्यादित बनाउन प्रविधिको प्रयोग अपरिहार्य छ, प्रविधिको प्रयोग गर्दा पनि व्यसायमा हुने नोक्सानीलाई न्यूनिकरणका लागि साइवर सुरक्षा सम्बन्धी सचेतना आवश्यक रहेको बताउनुभयो ।


कार्यक्रममा सहजीकरण गर्दै बैंकका प्रमुख प्रविधि अधिकृत नविन कुमार कार्कीले प्रविधिको पहुँच बढेसंगै यो क्षेत्रमा विभिन्न प्रकारका चुनौतीहरु पनि आएको बताउनुभयो । प्रविधिमा आउन सक्ने चुनौतीलाई न्यूनिकरणका लागि सबै सचेत हुनु पर्नेमा जोड दिदै उहाँले सहकारी बैंकले आफ्ना सदस्य र आम सहकारीकर्मीहरुलाई प्रविधिमा हुने जोखिम सम्बन्धी सचेतना फैलाउने काम गर्दै आएको बताउनुभयो ।

कार्यक्रम राष्ट्रिय सहकारी बैंक पोखरा शाखा समन्वय उपसमितिका संयोजक मेजर तुलसीप्रसाद गुरुङको अध्यक्षता, पोखरा शाखाका प्रमुख नरेश पाण्डेको स्वागत र तालचोक शाखाका प्रमुख सन्तोष घिमिरेको सञ्चालनमा सम्पन्न भएको थियो ।

# बुटवलका दुई सहकारी पुरस्कृत

ललितपुर । ६५ औं राष्ट्रिय सहकारी दिवस २०७८ को अवसरमा आयोजित कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लिमिटेड बुटवल शाखामा कारोबार गर्ने दुईवटा सहकारी संस्था पुरस्कृत भएका छन् । बैंकको बुटवल शाखामा नियममित कारोवार गर्ने इन्द्रेणी सहकारी संस्था लि. बुटवल र उत्कृष्ट कारोवार बिधामा एकता बचत तथा ऋण सहकारी संस्था लि बुटवल पुरस्कृत भएका छन् । कार्यक्रममा प्रबिधिमा सहकारी बिषयक कार्यपत्र बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले पेश गर्नु भएको थियो । कार्यक्रम मुल आयोजक समितिका संयोजक भिम प्रसाद तुलाचनको अध्यक्षता र सैनामैना नगरपालिकाका प्रमुख चित्रबहादुर कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

# राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत गुरागाई प्रबल जनसेवाश्रीबाट विभूषित



काठमाडौं । राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई ''प्रबल जनसेवाश्री'' (चुतर्थ) पदकबाट विभूषित हुनुभएको छ । गत असोज ३ गते संविधान दिवसको अवसरमा घोषित उक्त विभूषणबाट गुरागाई आज सम्मानित हुनुभएको हो । बिहिबार राष्ट्रपति भवन शितल निवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट गुरागाई विभूषित हुनुभएको हो । राष्ट्रिय जीवनको विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान दिने व्यक्तिहरुलाई प्रदान गरिने सम्मान बैंक तथा वित्तीय क्षेत्रबाट गुरागाई लाई प्रदान गरिएको हो । संविधानको धारा २७७ को उपधारा ९१० बमोजिम गत भदौ २९ गतेको मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति भण्डारीले विभूषण प्रदान गर्ने घोषणा गर्नुभएको थियो ।
२०७५ साल पुस ३ गतेदेखि बैंकको प्रमुख कार्यकारी अधिकृतका रुपमा कार्यरत उहाँ त्यस भन्दा पहिला बैंकको नायव महाप्रवन्धक हुनुहुन्थ्यो । गुरागाई चार्टर्ड एकाउन्टेन्ट (सिए), सामाजिक सुरक्षा कोषको सल्लाहकार, लेखामान बोर्डको सदस्य हुनुहुन्छ ।
गुरागाईले विभूषित हुन पाउँदा असाध्यै हर्षित भएको भन्दै 'अभूतपूर्व सम्मान पाउनु मेरो लागि ठूलो सौभाग्यको कुरा भएको बताउनु भयो' । उहाँले भन्नु भयो 'मेरो हौसला, मनोबल र आत्मविश्वासलाई बलियो बनाउनुका साथै अविश्वसनीय अवसर तथा चुनौतीपूर्ण अवस्थाहरूको सामना गर्न सदैब साथ र सहयोग प्रदान गर्नु भएकोमा मेरो परिवार, सहकर्मीहरू, साथीभाइहरू, राष्ट्रिय सहकारी बैंक परिवार एवम् सम्पूर्ण सरोकारवालाहरूप्रति म कृतज्ञ छु' । संकल्प, उद्देश्य र पहिचानको खोजीमा यात्रा गर्नुपर्ने जीवन एउटा सुन्दर यात्रा हो भन्ने मलाई लाग्छ र यस्ता कदर एवम् सम्मानहरूले जीवनको यात्रामा थप उर्जा प्रदान गर्ने भन्दै यो सम्पूर्ण सहकारीकर्मीको सम्मान भएको उल्लेख गर्नु भयो ।

# बैंकको ६८ शाखाहरूद्वारा "लघु गोष्ठी" कार्यक्रम सम्पन्न

ललितपुर । ''मर्यादित व्यवसाय र प्रविधिमा सहकारी'' भन्ने मुल नाराका साथ ६५ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा बैंकको विभिन्न शाखा कार्यालयहरुमा ''सहकारीको वर्तमान अवस्थाः समस्या र समाधान'' विषयक 'लघु गोष्ठी' कार्यक्रम सम्पन्न भएको छ ।
चैत्र २० गते मनाईएको ६५ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा बैंकको ६८ वटै शाखा कार्यालयहरु मार्फत साताव्यापी 'लघु गोष्ठी' गर्ने बैंकको कार्यक्रम अनुसार बैंकको ६८ वटै शाखा कार्यालयहरुले सम्पन्न गरेका छन् ।
कार्यक्रममा सहभागिहरु बीच बैंक तथा वित्तीय क्षेत्रमा देखिएको तरलता (लगानी योग्य पूँजि) को अवस्थाका बारेमा सहभागिहरुको भोगाई, अवलम्बन गरेका नीति, संस्थाद्वारा गरिएका असल अभ्यासहरु, अपनाउनु पर्ने उपायहरुको बारेमा केन्द्रीत भएर छलफल भएको थियो ।
कार्यक्रममा नेपालमा सहकारी सुदृढिकरणका समस्याहरु, राष्ट्रव्यापी तरलता समस्याका सम्भावित कारणहरू,

तरलता संकटमा : नेपालका सहकारीको अवस्था, तरलता संकटबाट बच्न सहकारीले तत्काल अवलम्बन गर्नु पर्ने उपायहरुको विषयमा समेत छलफल तथा अन्तरक्रिया भएको छ । कार्यक्रममा सहभागि सहकारी संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुले आफ्नो वित्तिय क्रियाकलापहरुलाई प्रविधिमैत्री र आम जनताको भरोसा योग्य सहकारी संस्थाको रुपमा विकास गर्नु पर्ने भन्दै सहकारीले सधै सदस्यहरुको बिचमा विश्वास कायम राख्दै आफ्नो क्रियाकलाप अगाडी बढाउँदा सम्भाबित वित्तीय अफ्ठ्याराहरुमा समेत सदस्यहरुको निरन्तर सहयोग प्राप्त गरिरहेको बताएका छन् ।

"उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक" परिकल्पना लिई अघि बढेको बैंकमा देशभरका करिब १५ हजार सदस्य सहकारी संघ संस्थाहरुलाई आबद्ध गराई ६८ वटा शाखा कार्यालयहरु मार्फत वित्तीय तथा गैर-वित्तीय सेवा पुर्‍याउँदै बैंकमा आबद्ध सहकारी संघ/संस्थामार्फत ४० लाख भन्दा बढी जनतालाई प्रत्यक्ष-परोक्ष रुपमा बैंकले सेवा प्रदान गरिरहेको छ ।




## दाङमा छैंठौ अन्तर सहकारी जिल्ला स्तरीय हाजिरी जवाफ प्रतियोगिता

ललितपुर । ६५ औं राष्ट्रिय सहकारी दिवस २०७८ को अवसरमा राष्ट्रिय सहकारी बैंकको दाङ र तुलसीपुर शाखाको आयोजनामा "सहकारीको वर्तमान अवस्था: समस्या र समाधान" विषयक लघु गोष्ठी र छैंठौ अन्तर सहकारी जिल्ला स्तरीय हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम सम्पन्न भएको छ । दाङ जिल्लाका विभिन्न सहकारी संघ/संस्थाबाट ५५ जनाको सहभागिता रहेको प्रतियोगितामा प्रथम स्थान श्री धनपती बचत तथा ऋण सहकारी संस्था लि. घोराही भएको छ । त्यस्तै दोस्रे श्री हाम्रो पहुंच बहेुद्देश्यीय सहकारी संस्था लिमिटेड तुलसीपुर, तेस्रो श्री मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड तुलसिपुर र सान्त्वना श्री ग्रामिण उत्थान कृषि सहकारी संस्था लि. घोराही भएका छन् । विजेता हुने संस्थाहरुलाई रनिङ शिल्ड ६५औं राष्ट्रिय सहकारी दिवसको दिन चैत्र २० गते हस्तान्तरण गरिएको छ ।

दाङ शाखा समन्वय उप-समितिका संयोजक भरत बहादुर बुढाथोकीको अध्यक्षता तथा जिल्ला सहकारी संघ लिमिटेड दाङका अध्यक्ष गोबिन्द प्रसाद शर्माको प्रमुख अतिथ्यतामा भएको कार्यक्रममा दाङ शाखाका प्रमुख डिल्लीराज दाहालले "सहकारीको वर्तमान अवस्था: समस्या र समाधान" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो, भने तुलसीपुर शाखाका प्रमुख अजय रोकायाले कार्यक्रम संचालन गर्नु भएको थियो ।

## पर्वतमा सहकारी संघ संस्थाका व्यवस्थापकहरू बीच अभिमुखिकरण कार्यक्रम सम्पन्न

ललितपुर । पर्वत जिल्लामा रहेका सहकारी संघ संस्थाहरुमा कार्यरत व्यवस्थापकहरु बीच अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । को-अपरेटिभ म्यानेजर्स क्लव पर्वतको आयोजना र राष्ट्रिय सहकारी बैंक लिमिटेड बागलुङ शाखाको सहयोगमा चैत्र १० गते पर्वतको कुश्मा बजारमा भएको कार्यक्रममा त्यस क्षेत्रमा रहेका सहकारी संघ संस्थाका व्यवस्थापकहरु बीच अभिमुखिकरण भएको थयो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी बैंक लिमिटेडको सञ्चालक एवम् गण्डकी प्रदेशका संयोजक राम बहादुर

जि.सी.ले जिल्लाका सहकारीहरुले दिगो बिकासमा महत्वपुर्ण आर्थिक सहयोग गर्दै आएकोले आगामी दिनमा यो भन्दा फरक किसिमबाट सहकारीलाई व्यवस्थापकले सेवामूलक बनाउनु पर्ने बताउनु भयो । उहाँले सहकारीका माध्यमबाट आम मानिसको जिवनस्तर परिवर्तन गर्न सकिने बताउँदै समुदायमा आधारित सहकारीको खाँचो रहेकाले सहकारीको मुल्य मान्यता र सिद्धान्तका आधारमा रही सञ्चालन हुनुपर्ने उल्लेख गर्नु भयो । बैकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले पछिल्लो समयमा बैंक, वित्तीय तथा सहकारी क्षेत्रमा देखा परेको तरलता अभाव, सहकारी डिजिटाइजेसन लगायतको क्षेत्रमा भए गरेका कार्यहरुको विषयमा जानकारी दिदै सहकारी क्षेत्रको रकम सहकारीमार्फत परिचालन गर्न सकेमा अहिले बजारमा देखिएको तरलता अभावको समस्या समाधान हुने बताउनुभयो ।

उहाँले सहकारी संघ संस्थाहरुको लागी आफ्नै ब्राण्डको कोप (एटिएम) कार्ड जारी गर्ने उद्देश्यका साथ राष्ट्रिय सहकारी बैंक लिमिटेड सहित एससिटी र ग्लोबल आइएमई बैंक बीचमा एटिएम कार्ड सेवा प्रदान गर्ने सम्बन्धी सम्झौता भएको जानकारी दिनुहुँदै चाँडैनै सहकारीका सदस्यहरुले आफ्नै सहकारीको एटिएम कार्ड प्रयोग गरेर रकम झिक्न सक्ने बताउनु भयो ।
त्यस्तै सहकारी र सहकारी बैंकलाई जोड्ने गरी कनेक्ट आइपिएस, शाखा रहित सेवा, संकलन केन्द्र लगायतको विस्तार गर्न थालेको जानकारी गराउनु भएको थियो । अभिमूखिकरण कार्यक्रममा सहभागी सहकारीका व्यवस्थापकहरुले सहकारीका समस्या र राष्ट्रिय सहकारी बैंकले गर्नुपर्ने सुधारका विषयमा जिज्ञासा तथा सुझाव राखेका थिए ।

# सहकारीको कारोबारलाई चेकरहित बनाउन............

सहकारीको प्राथमिक पुँजी कोषमा रहेको रकमको ५० प्रतिशत रकम राज्यको प्राथमिकता क्षेत्र वा विशिष्टीकृत संघमार्फत् संचालन हुने कृषि, पर्यटन, उर्जा लगायतका क्षेत्रमा लगानी गर्न नीतिगत व्यवस्था मिलाउन सुझाव दिइएको छ ।

२५ करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने संघ संस्थाको अन्तरिक लेखा परिक्षणलाई अनिवार्य बनाउने तथा आन्तरिक लेखा परिक्षणका साथै निरिक्षण तथा अनुगमनका लागि महासंघ तथा संघहरुलाई जिम्मेवारी बनाइने रहेको छ । सहकारी अभियानको गुणात्मक विकासको लागि सहकारी संघ संस्थाहरु आपसमा एकीकरण हुँदा तीन वर्षसम्म आयकर छुटको व्यवस्था र कुनै एक संस्थाको प्यान नम्वर वा मूल्य अभिवृद्धि कर दर्ताबाट सेवा सञ्चालन गर्न सक्ने र अग्रीम कर मिलान हुने व्यवस्था मिलाउन सुझाव दिइएको छ ।

वित्तीय कारोवार गर्ने सहकारी संघ-संस्थाको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणका लागि सरकार र सहकारी अभियानको संयुक्त संयन्त्र निर्माण गरिनेछ ।

सहकारीका सदस्य तथा संघ-संस्थाले उत्पादन गरेको वस्तुको उत्पत्तिको प्रमाणपत्र एवं ट्रेडमार्कका लागि राष्ट्रिय सहकारी महासंघबाट हुने नीतिगत व्यवस्था मिलाउन सुझाव दिइएको छ ।

सेवा लगायत सबै क्षेत्रमा सहकारी संघ-संस्थाको संलग्नता हुने गरी विमा, शिक्षा, स्वास्थ्य लगायतका सहकारीसंग सम्वन्धित ऐनहरूको संशोधन गर्ने व्यवस्था मिलाउन सुझाव दिइएको छ । सबै प्रदेशमा शितभण्डार निर्माण र सरकार तथा सहकारी संघ-संस्थाको लगानीमा निर्माणाधिन शितभण्डारहरु सम्पन्न गर्न यथोचित साधन श्रोतको व्यवस्था गरिने र तयारी अवस्थामा रहेका शीतभण्डारहरु सहकारी संघ-संस्थाको व्यवस्थापनमा सञ्चालन हुने व्यवस्था मिलाउन सुझाव दिइएको छ ।

दधू जन्य पदार्थको विविधीकरण गरी ध्यू, पनिर, धूलोदुध, छुर्पी, मिठाइ र चकलेट आदी उत्पादन गर्न एवं आयातित धुलो दुधलाई प्रतिस्थापन गर्न सार्वजनिक, निजी तथा सहकारी साझेदारी परियोजना संचालन गरिने सुझावमा उल्लेख छ। दुग्ध प्रशोधन उद्योग संचालनमा लाग्ने विद्युत महसुशमा ५० प्रतिशत छुट दिनुपर्ने सुझावमा उल्लेख छ । अन्य वैंक तथा वित्तीय संस्था सरह सहकारी संघ-संस्था वा राष्ट्रिय सहकारी बैंकले बचतमा प्राप्त गर्ने व्याज आम्दानीमा अग्रीम करकट्टी गर्नु नपर्ने व्यवस्था मिलाउनुपर्ने सुझावमा उल्लेख छ ।


Nationa| राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता
Internet Banking को सुविधा
रु १५००
मा
बैंकको सदस्यता
SMS Banking को सुविधा
•वार्षिक शुल्क नलाग्ने
•सहज प्रक्रिया
•Online मार्फत सदस्यता लिन सकिने
थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस
Web: www.ncbl.coop Email: ncbl@ncbl.coop
NEDAC
ACCU
coop
टोल फ्री नं १६६००१०२५५५